# वर्तमान बैंकिङ्ग प्रणालीका समस्याहरू र उत्पादनशील लगानीका आधारहरू

नर बहादुर थापा[1]

### क) बैंकिङ्ग क्षेत्रको दायरा

सर्वसाधारण नागरिकबाट निक्षेप परिचालन र ऋण प्रवाह गर्ने कार्यमा वाणिज्य बैंक, विकास बैंक, लघु वित्त तथा वित्तीय संस्थाहरु, बचत तथा ऋण सहकारी संस्थाहरु संलग्न रहेका छन् । नेपाल पूर्वाधार बैंक पनि राष्ट्र बैकको नियमनमा रहेको छ । गाडी, मोटर तथा ढुवानी लगायतका सवारी साधानहरुका लागि ऋण प्रवाह गर्ने हायर पर्चेज कम्पनीहरु पनि नेपाल राष्ट्र बैंकको नियमन दायरामा आई सम्बन्धित क्षेत्रमा बैकिङ्ग सेवा दिइरहेको छन् । बचत परिचालन तथा ऋण प्रवाह गर्ने वित्तीय संस्थाहरु केन्द्रीय बैंकको नियमन दायरामा ल्याउनु पर्ने कानूनी प्रावधानहरु रहेका छन् । नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ७६ मा कुनैपनि व्यक्ति, फर्म, कम्पनी वा कर्जा दिन बैंकबाट तोकिए बमोजिम स्वीकृति लिनुपर्ने व्यवस्था छ । सोही कानूनी व्यवस्था अनुसार राष्ट्रबैंकले हायर पर्चेज कम्पनीहरुलाई आफ्नो नियमन दायरामा ल्याएको हो ।

### ख) बैंकिङ्ग क्षेत्रको आकार

विगत कही वर्षयता बैंकिङ्ग क्षेत्रको आकारमा तीब्र विस्तार भईरहेको छ । पछिल्लो समयमा बैंकिङ्ग क्षेत्रले राष्ट्रिय अर्थतन्त्रको आकार उछिनेको अवस्था छ । वाणिज्य बैंकहरुको मात्र कूल सम्पत्ति र दायित्वको कूल ग्रार्हस्थ्य उत्पादनसँगको अनुपात २०७८ असारमा १२६.१ प्रतिशत पुगेको थियो । केही वर्ष यता बचत तथा सहकारी संस्थाहरुको वासलात कारोबार सार्वजानिक हुन सकिराखेको छैन । पहिले बचत तथा ऋण सहकारी संस्थाहरुको संयुक्त मासिक वासलात तथ्याङ्क नियमित रुपमा सार्वजानिक जानकारीको लागी प्रकाशन हुने गर्थ्यो ।

संघ, प्रदेश र स्थानीय तहको नियमनमा परेका वचत तथा ऋण सहकारी संस्थाहरु एकल केन्द्रिकृत नियमनमा नपरेको हुँदा र प्रबिधिको विकास तथा प्रयोगमा समन्वय नहुँदा वित्तीय विवरणको प्रकटीकरणमा पछि परेका देखिन्छन् । सार्वजानकि तथ्याङ्क विना बचत तथा ऋण सहकारीको तथ्यपरक सार्वजानिक निगरानी कार्य चुनौतीपूर्ण हुने देखिन्छ । आकारको दृष्टिकोणले मात्र पनि बैंकिङ्ग क्षेत्र राष्ट्रिय संवेदनशील क्षेत्रको रुपमा देखा परेको छ ।

**तालिका १: बैंकिङ्ग क्षेत्रको आकार** (२०७८–असार)

| बैंकिङ्ग संस्थाहरु | सम्पति रु अर्बमा | कूल ग्रार्हस्थ्य उत्पादनसँग अनुपात % |
|---|---|---|
| वाणिज्य बैंकहरु | ५३९२ | १२६.१ |
| विकास बैंकहरु | ५१८ | १२.१ |
| वित्त कम्पनीहरु | १२६ | २.९ |
| लघुवित्त वित्तीय संस्थाहरु | ४४५ | १०.४ |
| नेपाल पूर्वाधार बैंक | २४ | ०.६ |

१ पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

### ग) वित्तीय गहनता

बैंकिङ क्षेत्रको राष्ट्रिय अर्थतन्त्रसँगको सम्बन्ध हेर्ने अर्को आधार वित्तीय गहनता अनुपातहरु हुन् । कूल ग्रार्हस्थ उत्पादनसँग विस्तृत मुद्रा प्रदाय, कर्जा योगाङ्क र निक्षेप योगाङ्कको अनुपात निकाल्दा नेपालमा पहिलो २० वर्षयता वित्तीय गहनता बढेको देखिन्छ । २०७८ असारमा कूल ग्रार्हस्थ उत्पादनसँग विस्तृत मुद्राको अनुपात १२० प्रतिशत, कूल आन्तरिक कर्जाको ११२ प्रतिशत निजी क्षेत्रमा जाने बैंक कर्जाको ९७ प्रतिशत र कूल निक्षेपको १०९ प्रतिशत अनुपात रहेबाट नेपालमा अन्य विकासशील तथा छिमेकी मुलुकहरुको तुलनामा वित्तीय गहनता बढेको देखिन्छ । तर वित्तीय गहनताको प्रभाव राष्ट्रिय उत्पादनमा पर्न सकेको छैन । बैंकहरुमा परिचालित वित्तीय स्रोतको प्रयोग उत्पादनमूलक क्षेत्रमा प्रयोग नुहुँदा वित्तीय गहनताले वित्तीय संकटको स्थिति सिर्जना गर्ने चुनौती रहन्छ । उत्पादनशील लगानीका लागि संरचनागत (structural) आधारहरु खडा नगरिएका कारण समेत बैंकिङ्ग क्षेत्र राष्ट्रिय अर्थतन्त्रसँग बलियोसँग नजोडिएको हो ।

**तालिका २: वित्तीय गहनता अनुपात**

| सुचक | २०५७ असार | २०७८ असार |
|---|---|---|
| विस्तृत मुद्रा र GDP | ५६.५ | १२० |
| कूल आन्तरिक कर्जा र GDP | ४१.६ | ११२ |
| निजी क्षेत्रतर्फ बैंक कर्जा र GDP | २८.८ | ९७ |
| कूल निक्षेप र GDP | ४०.७ | १०९ |

### घ) बैंकिङ संस्थाहरुको संख्या तथा बैंकिङ्ग विजनेश मोडेल

२०५० को दशकमा राष्ट्र बैंकले विविधतायुक्त बैंकिग विजनेश मोडल (Differentiated Banking Business Model) विकासको रणनीति अवलम्बन गऱ्यो । विविधतायुक्त बैंकिग विजनेश मोडल निक्षेप राख्ने र कर्जा दिने वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त वित्तीय संस्था, सीमित बैंकिग कारोबार गर्ने गैरसरकारी संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरुमा आधारित थियो ।

२०७० को दशकमा सीमित बैंकिङ्ग कारोबार गर्ने गैर सरकारी संस्थाहरु, लघु वित्त वित्तीय संस्थाहरुमा रुपान्तरण गरिए भने राष्ट्र बैंकबाट इजाजत प्राप्त बचत तथा ऋण सहकारी संस्थाहरु राष्ट्र बैंकको नियमनको दायराबाट हटाइए । कुनै समय वाणिज्य बैंकहरुको संख्या ३२, विकास बैंकको ८८ र वित्त कम्पनीहरुको संख्या ७९ पुगेको थियो ।

**तालिका ३ : बैंकिङ संस्थाहरुको संख्या**

| असार | 'क' बर्ग | 'ख' बर्ग | 'ग' बर्ग | 'घ' बर्ग | हार्यरपर्चेज | सहकारी | कूल |
|---|---|---|---|---|---|---|---|
| २०६४ | २० | ३८ | २४ | १२ | NA | NA | ९४ |
| २०६७ | २७ | ७९ | ७९ | १८ | NA | NA | २०३ |
| २०६९ | ३२ | ८८ | ७० | २४ | NA | NA | २१४ |
| २०७८ | २७ | १८ | १७ | ७० | NA | NA | १३३ |
| २०७९ पुष | २२ | १७ | १७ | ६५ | NA | NA | १२२ |

विविधतायुक्त बैंकिङ्ग विजनेश मोडेल अन्तर्गत वाणिज्य बैंकहरु कर्पोरेट तथा अन्तराष्ट्रिय व्यापारलाई वित्तीय सेवा उपलब्ध गराउने, विकास बैंकहरुले साना तथा मझौला उद्योग व्यवसाय एवं सानो आकारको उद्यमशीलताको विकासको लागि वित्त उपलब्ध गराउने र वित्त कम्पनीहरुले उपभोगको लागि वित्त उपलब्ध गराई उद्यमशीलताको विकास गर्ने उद्देश्य रहेको थियो । लघुवित्त वित्तीय संस्था र बचत तथा ऋण सहकारी संस्थाहरुको उद्देश्य खासगरी ग्रामिण क्षेत्रमा लघु उद्यमशीलताको विकास गर्ने थियो ।

मर्जरको नीति पछि विकास बैंक तथा वित्त कम्पनीहरुको संख्या उलेख्य घटेको र वाणिज्य बैंकहरुमा विलय भएका कारण बैंकिङ्ग क्षेत्र वाणिज्य बैंकमय भएको हुँदा साना तथा मझौला उद्योग व्यवसायीहरु (SME) ले बैंकबाट ऋण पाउन कठीन हुने चुनौती देखिएको छ । यस सन्दर्भमा बाणिज्य बैंकहरुबाट सबै मानिस, उद्योग व्यवसायीहरुको सबै प्रकारको वित्तीय सेवाको आवश्यकता पूरा हुन सक्छ वा सक्दैन भन्ने बारे विचार विमर्ष गर्न गरुरी भैसकेको छ ।

### ङ) वित्तीय पहुँच

नेपालमा वित्तीय पहुँच विस्तार गर्ने चुनौती यथावत छ ।

**तालिका ४: वित्तीय पहुँच अनुपात**

| सन् | विश्व % | नेपाल % |
|---|---|---|
| २०११ | ५१ | २५.३ |
| २०१४ | ६२ | ३३.८ |
| २०१७ | ६९ | ४५.० |
| २०२१ | ७६ | ५४.० |

विश्व बैंकको फिन्डेक्स प्रतिवेदन २०२१ अनुसार विश्वको औसत वित्तीय पहुँच अनुपात ७६%, भारतको ७८% र चीनको ८९% को तुलनामा नेपालमा वित्तीय पहुँच अनुपात ५४% रहेबाट नेपाललाई वित्तीय पहुँच, विस्तारको लागि थप प्रयास तथा इनोभेटिब नीतिगत कदम चाल्नु पर्ने चुनौती देखिन्छ ।

बैंकहरुको शाखा सञ्जाल (वाणिज्य बैंकहरुको शाखा संख्या ५०२९ विकास बैंकहरुको ११२८, वित्त कम्पनीको २८० र लघुवित्त वित्तीय संस्थाहरुको ५१५१ गरी कूल ११५८८ मा) विस्तार आएतापनि नेपाली जनतालाई वित्तीय क्षेत्रसँग सक्रिय पूर्वक जोडनु पर्ने वित्तीय पहुँच अभिवृद्धिको नयाँ रणनीति ल्याउनु पर्ने देखिन्छ । नेपालमा २०७९ पुष मसान्त सम्म बैंक खाता संख्या ४ करोड ८ लाख र बैंक ऋण खाता संख्या १८ लाख ३३ हजार रहेबाट निक्षेप संकलनमा तीव्र प्रतिष्पर्धा रहेको तथा बहुसंख्यक बैंक खाता निष्कृय रहेको र वित्तीय स्रोतमा सीमित व्यक्तिको मात्र पहुँच देखिन्छ ।

भारतले वित्तीय पहुँच अभिवृद्धिको सफलतामा जाम ट्रिनिटी कार्यक्रमको भूमिका रहेको सन्दर्भमा नेपालमा पनि वित्तीय पहुँच विस्तारका लागि सरकारी नीतिगत हस्तक्षेप जरुरी देखिन्छ । राष्ट्र बैंकको वित्तीय समावेशि पोर्टल (Financial Inclusive Portal) अनुसार २०७९ फागुनमा सक्रिय बचत खाता हुने नेपाली पुरुषको संख्या अनुपात ४९ प्रतिशत र महिलाको ४६ पतिशत रहेबाट वित्तीय पहुँचमा सक्रिय जनताको अनुपात विश्व बैंकले प्रकाशित गरेको तथ्यांक भन्दा धेरै फरक नरहेको देखिन्छ ।

### च) बैंकिङ्ग बजार संरचना

अन्य दक्षिण एसियाली मुलुकहरु भन्दा नेपालमा निजी क्षेत्रका बैंकहरुको बजार हिस्सा उल्लेख्य रहेकोमा मेघा मर्जरले वित्तीय एकाधिकारको चुनौती थपेको देखिन्छ । नीति निर्माणकर्ताहरु, ठूला बैकहरु (too big

too fit) को स्थितिका कारण वित्तीय क्षेत्रमा आउन सक्ने जोखिम प्रति चनाखो हुनुपर्ने देखिन्छ ।

**तालिका ५ : सरकारी र निजी क्षेत्रका बैकहरुको बजार हिस्सा प्रतिशत**

| बैंकहरु | २०५८ असार | २०७९ पुष |
|---|---|---|
| सरकारी | ५१ | १४ |
| निजी क्षेत्रमा | ४९ | ८६ |

### छ) बैंकिङ्ग क्षेत्रको नियमन

नेपालले वित्तीय क्षेत्रमा बुहनियमन प्रणाली (Multi-Regulatory System) अवलम्बन गरेको हुनाले नियमन निकायबीच समन्वय नहुने (Regulatory Arbitrage) स्थितिले वित्तीय क्षेत्र स्थायित्व सधै जोखिममा पर्ने चुनौती छ । अर्कोतर्फ बैंकिङ्ग क्षेत्रको लागि महत्वपूर्ण सम्भावनाको रुपमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरुको बलियो नियमनकारी निकाय स्थापना हुन नसक्दा बचत तथा ऋण सहकारी संस्थाहरुमा आउने संकटले बैंकिग क्षेत्रमानै संकट निम्त्याउने जोखिम बढेको छ ।

## समस्या तथा चुनौती

बैंकिङ्ग क्षेत्रको विद्यमान स्थिती विश्लेषणबाट बैंकिङ्ग क्षेत्रमा निम्न समस्या तथा चुनौतीहरु रहेका देखिन्छन् ।

### क) बैंकिङ्ग क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्ने

बैंकिग क्षेत्रको आकार बढे अनुसार राष्ट्रिय अर्थतन्त्र खासगरी आर्थिक वृद्धि तथा विकास हुन सकेको छैन । बैंकिग क्षेत्रमा परिचालित स्रोत अपेक्षित स्तरमा उत्पादनमुलक क्षेत्रमा प्रयोग नहुँदा बढ्दो वित्तीय गहनताले वित्तीय संकट मात्र निम्त्याउने चुनौती रहेको छ । वित्तीय पहुँचको दुरुपयोग हुन गएकोले बैंकिङ्ग क्षेत्र राष्ट्रिय अर्थतन्त्रसँग जोडिन नसकेको हो । विप्रेषण अप्रवाहको उत्पादनशील क्षेत्रमा यो उपयोग बढाउनका लागि उपयुक्त किसिमको बैंकिङ्ग प्रणाली निर्माण गर्नुपर्ने चुनौती देखिन्छ ।

**तालिका ५: वाणिज्य वैंकहरुले प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गरेको कर्जा**

| क्षेत्र | रकम, रु अर्बमा | अंश % |
|---|---|---|
| कृषि | ५४४ | १३.० |
| उर्जा | २६३ | ६.३ |
| लघु, साना तथा मझौला व्यवसाय | ३९७ | ९.५ |
| कुल | १२०४ | २८.८ |

२०७९ पुष मसान्तसम्ममा वाणिज्य वैंकहरुले प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गरेको कर्जा अनुपात २८.८ प्रतिशत रहयो । लघु, साना तथा मझौला व्यवसायको राष्ट्रिय अर्थतन्त्रमा करिव २२ प्रतिशत योगदान रहेको अनुमान छ । यति ठूलो योगदानको तुलनामा लघु, साना तथा मझौला व्यवसायमा प्रवाहित वैंक कर्जा (रु ३९७ अर्ब) अनुपात ९.५ प्रतिशत रहनु अत्यन्त थोरै हो ।

### ख) SME फाइनान्सिङ्ग

एक अध्ययन अनुसार नेपालमा लघु, साना तथा मझौला उद्योग व्यवसाय (MSME) तर्फ कर्जा खाडल कूल ग्रार्हस्थ उत्पादनको १५% रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुको मर्जर पछि यस्तो कर्जा खाडल

झनै बढदै गएको देखिन्छ । वाणिज्य बैंकहरुलाई SME डेस्क खडा गर्न लगाएर मात्र SME कर्जा खाडल पूरा भएको मान्न सकिन्न । मिटर व्याज पीडितको माइतीघर मण्डलामा धर्ना तथा आन्दोलनले पनि साना तथा मझौला उद्योग व्यवसायीहरुले बैंक कर्जा नपाएको देखिन्छ । आम मानिसहरु बाणिज्य बैंकहरुसँगको वित्तीय पहुँच भन्दा टाढै रहेको देखिन्छ ।

**ग) बैंक कर्जाको नविकरण** (Evergreening)

बैंक तथा वित्तीय संस्थाहरुको कूल कर्जा प्रवाहरुमध्ये झण्डै ४०% कर्जा चालु पूँजी प्रकृतिको रहेको छ । चालु पूँजी प्रकृतिको कर्जाको सावाँ तथा ब्याज भुक्तानी नभई कर्जाको लागि राखिएको धितोको पून मूल्यांकन गरी ब्याज भुक्तानीमा बैंक कर्जा लिई हिसाब मिल्याउने प्रवृतिले बैंकको कर्जा असुली नहुने र नयाँ उद्यमीले बैंक कर्जा नपाउने स्थिती आएको छ । अन्तराष्ट्रिय मुद्राकोषले चालुपूँजी कर्जा सम्बन्धि नेपालको अभ्यासलाई गम्भिरता पूर्वक लिएको छ । विजिनेस् लोनको लोभले गर्दा ऋणीहरु डुब्ने र बैंकहरुको खराब कर्जा अनुपात आगामी दिनमा बढ्ने देखिन्छ ।

**घ ) कर्जा वर्गीकरण**

बैंक कर्जाको वर्गीकरण अन्तराष्ट्रिय असल अभ्यास अनुसार नभएको तथ्यलाई अन्तराष्ट्रिय मुद्राकोषले उठाएको छ । यसै कारणले गर्दा कर्जा नोक्सानी व्यवस्था अपुग भएको देखिन्छ ।

कर्जाको सही किसिमले वर्गीकरण नहुँदा बैंकहरुको खराब कर्जा अनुपात न्यून रहेको र पूँजीको पर्याप्तता अनुपात वास्तविक हुन नसकेको अन्तराष्ट्रिय मुद्रा कोषको ठहर छ । यसै सन्दर्भमा अन्तराष्ट्रिय मुद्राकोषले बैंकहरुको कर्जाको उपयुक्त किसिमले पुनर्वर्गीकरण गर्नुपर्ने विस्तारित कर्जा कार्यक्रम (ECF- Extended Credit Facility) मा उल्लेख गरेको छ ।

**ङ) बैंकिग क्षेत्रमा वित्तीय एकाधिकारको स्थिती**

पछिल्लो समयमा नेपालको बैंकिग क्षेत्र केही सीमित व्यवसायीहरुको हातमा गएको देखिन्छ । मर्जरले सो प्रवृतिलाई झनै बढाएको छ । फलस्वरुप टु विग टु फेलको स्थिती देखा परेको छ । अब आम मानिस र साना उद्यमी, व्यवसायीहरुले बाणिज्य बैंकहरुबाट ऋण सुविधा पाउने दिन गए ।

**च) वचत तथा ऋण सहकारी संस्थाको नियमन**

वचत तथा ऋण सहकारी संस्थाको प्रभावकारी नियमन गर्ने संस्थाको अभाव रेहेको छ । वचत तथा ऋण सहकारीमा समस्या आउँदा समस्त बैंकिङ्ग प्रणालीमा संकट आउन सक्ने जोखिम बढेको छ ।

**छ) व्याजदर निर्धारण**

बैंकको व्याजदर निर्धारण प्रतिस्पर्धाको आधार भन्दा पनि मिलोमतो (Cartelling) को आधारमा हुने गरेको छ । बजार ब्याजदर उपयुक्त स्तरमा राख्न नसक्दा वित्तीय स्रोतको अनुत्पादन क्षेत्रमा प्रयोग बढेको र वेलावखत बाह्य तथा वित्तीय क्षेत्रमा संकटको स्थिती आउने गरेको छ । बैंकको व्याजदर अस्वभाविक रुपले जवर्जस्ती न्यून राख्न खोज्दा बैंक कर्जाको दुरुपयोग हुने गरेको देखिन्छ । राष्ट्रबैंकले अधिक तरलता भएको समयमा तरलता प्रसोधन गर्न हिचकिचाउँदा व्याजदर व्यवस्थापन उसको लागि बेलाबखत टाउको दुखाईको विषय हुने देखिन्छ ।

**ज) बैंकिङ्ग क्षेत्रमा गतिशिलताको अभाव**

पछिल्लो समयमा बैंकिङ्ग क्षेत्रको आकार बढेपनि गतिशील हुन नसक्दा नयाँ उद्यमीले बैंक कर्जा पाउन सकिरहेका छैनन् । बैंकिङ्ग क्षेत्रले विप्रेषण आप्रवाहलाई उत्पादनशील क्षेत्रलाई जोड्न सकेको देखिँदैन ।

**झ) जोखिम क्षेत्रमा बैंक कर्जा**

पछिलो समयमा बैंक कर्जा प्रवाह जोखिम क्षेत्रहरुमा बढ्दै गएको देखिन्छ । विवेकशील नियमले मात्र यो प्रवृतिलाई रोक्न सक्ने देखिँदैन ।

**ञ) संस्थागत सुशासन.र बैंकर र व्यवसायी छुट्याउने मुद्दा**

हाल बैकर र व्यवसायी छुट्याउने एजेण्डा ओझेलमा परेको छ । मर्जर नीतिका कारण ओझेलमा परेको हो ।

**ट) सहुलियतपूर्ण कर्जाको प्रभावकारिता**

सहुलियत कर्जाको परिणाम बढेतापनि यस्तो कर्जा उत्पादनशील क्षेत्रमा जोडिन सकेको छैन । सहुलियतपूर्ण कर्जा असुलीमा समस्या आउन सक्ने जोखिम बढेको छ ।

**ठ) बैंक कर्जा विस्तारमा प्रादेशिक सन्तुलन**

बैंकहरुको धेरै कर्जा काठमाडौंमा मात्र सीमित रहेको देखिन्छ । ग्रामिण क्षेत्र तथा कृषिमा बैंक कर्जा विस्तार हुन सकेको देखिँदैन । सिमित व्यवसायीहरुको घेरामा बाणिज्य बैंकहरु परेकाले यस्तो स्थिति आएको हो ।

**ड) साइबर सुरक्षा**

नेपालका बैंकहरुमा बेलाबखत साइबर आक्रमण हुने गरेको छ । मर्जर पछि उदाएका मेगा बैंकहरुमा साइबर आर्कमणबाट ठूलो क्षति हुन सक्ने खतरा देखिन्छ । बाणिज्य बैंकहरु ठूला भईसकेपछि पनि साईबर सुरक्षाका लागि आवश्यक लगानी नगरेको देखिन्छ । राष्ट्रबैंकले बाणिज्य बैंकहरुले खुद नाफाको एक निश्चित प्रतिशत रकम प्रविधि तथा साईबर सुरक्षाको लागि छुट्याउनु पर्ने व्यवस्था नगरेकोले पनि यो स्थिति आएको हो ।

**भावी कार्यदिशाः उत्पादनशील लगानी बढाउने रणनीति**

ग्रामीण तथा सहकारी क्षेत्रमा देखिएका समस्या समधानार्थ उच्च स्तरीय अध्ययन आयोग गठन गर्नुपर्ने देखिन्छ । यसलाई अल्पकालीन उपायको रुपमा लिनुपर्छ । वित्तीय एकाधिकार वढ्दै गएको र अन्तराष्ट्रिय व्यापारमा मात्र वित्तीय स्रोत केन्द्रित हुँदै गएकोले उत्पादनशील क्षेत्रमा लगानी बढ्न नसकेको तथ्यलाई नीति निर्माताहरुले मनन गर्न आवश्यक छ ।

**क) लगानीको वातावरणमा सुधार उत्पादनीशील लगानीको महत्वपूर्ण आधार**

उद्योग व्यवसाय दर्ता प्रक्रियालाई सरकारले सहजीकरण नगरी मुलुकमा लगानीको वातावरणमा सुधार आउने देखिँदैन । बैंक कर्जा उत्पादनशील क्षेत्रमा बढाउन यो सुधार आवश्यक छ । यसको लागि सरकारले औद्योगिक व्यवसाय ऐन २०७६ मा समसामयिक सुधार गर्न ढिला गर्न हुँदैन । त्यसैगरि विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ मा पनि आवश्यक सुधारको खाँचो छ । यी ऐनहरुका अतिरित्त सार्वजनिक निजी साझेदारी तथा लगानी ऐनमा पनि समसामयिक सुधारको आवश्यकता देखिन्छ । यी सबै ऐनको सुधारको मुख्य मर्म कर्मचारीतन्त्र तथा शासकीय सुधारको आवश्यकता हो ।

**ख) प्रादेशिक विकास बैंक**

बैंकिङ्ग संरचना परिवर्तनको उपायको रुपमा प्रादेशिक विकास बैंक तथा स्थानीय विकास बैकको अवधारणा नेपालले लागु गर्न ढिला गर्नु हुँदैन । बैंकिङ्ग क्षेत्रलाई गतिशील बनाउन प्रादेशिक र स्थानीय विकास बैंकको आवश्यकता देखिन्छ । अब सरकारले तर्जुमा गर्ने दोस्रो वित्तीय क्षेत्र विकास रणनीतिमा यो अवधारणालाई समेटिनु पर्छ ।

सातै प्रदेशमा ठूला औद्योगिक क्षेत्र र ७५३ स्थानीय तहमा क्रमशः औद्योगिक ग्राम स्थापना गर्ने रणनीतिसँग तालमेल मिलाउन यो अवधारणा लागु गर्न आवश्यक छ ।

### ग) वैदेशिक रणनीतिक साझेदार

सरकारी बैंकहरुलाई गतिशील तथा आधुनिकीकरण गर्न वैदेशिक रणनीति साझेदारी भित्र्याउन आवश्यक छ । साथै उत्पादनशील क्षेत्रमा लगानी बढाउन पनि यो रणनीति उपयोगी हुन सक्छ ।

### घ) उत्पादनशीाल लगानीका लागि विविध कोषहरुको स्थापना

लक्षित जनसमुदायलाई ब्याजदरमा राहत दिन र वित्तीय पहुँच विस्तार गर्न नेपाल सरकारले अन्य मुलुकहरुमा झैं विविधखाले वित्तीय कोषहरु स्थापना गर्नुपर्ने देखिन्छ । उदाहरणको रुपमा नेपाल सरकारले ग्रामीण तथा कृषि पूर्वाधार विकास कोष, लघु, साना तथा मझौला व्यवसाय वित्त कोष र सहकारी विकास कोष स्थापना गर्न आवश्यक छ । संघीय सरकारले यी कोषहरुको लागि वजेट विनियोजन गर्नु पर्ने हुन्छ । त्यसै गरी वित्तीय क्षेत्रमा आधुनिक प्रबिधि भित्रयाउन र साईबर सुरक्षा मजबुत पार्न वित्तीय प्रविधि विकास कोष स्थापना गर्नुपर्ने हुन्छ । यसप्रकारको कोषले वित्तीय क्षेत्रको आधुनिकीकरण गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यस्ता कोषहरुबाट भारतको JAM Trinity झैं वित्तीय प्रविधि मार्फत वित्तीय पहुँच विस्तार गर्न मद्दत मिल्ने देखिन्छ । बैंकहरुले आफ्नो खुद नाफाको न्यूनतम ५% प्रत्येक वर्ष यस प्रकारको वित्तीय प्रविधि विकास कोषमा रकम छुट्याउने व्यवस्था गर्न जरुरी देखिन्छ। यस प्रकारको कोषले ATM को प्रयोग शुल्क विहिन तथा अन्तर आवद्धता बढाउन सहयोग पुऱ्याउने देखिन्छ । साथै बैंकहरुको साइबर सुरक्षा प्रवद्धन गर्न मद्धत मिल्ने देखिन्छ ।

### ङ) दोस्रो तहको नियमनकारी निकाय

लघुवित्त र बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरीवेक्षण व्यवस्था प्रभावकारी बनाउन दोस्रो तहको नियमनकारी निकायको चर्चा नेपालमा लामो समयदेखि हुँदै आएको छ। तर सरकारले यस प्रकारको नियमनकारी निकाय स्थापना गरिसकेको छैन । लघुवित्त वित्तीय संस्थाहरु र बचत तथा ऋण सहकारी संस्थाहरुको नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न यस प्रकारको Dedicated संस्था आवश्यक देखिन्छ । भारतले दोस्रो तहको नियमनकारी निकायको रुपमा NABARD – Natioanl Bank for Agriculture and Rural Development को सन् १९८२ मा स्थापना गरेको देखिन्छ । भारतको NABARD ले केन्द्रीय बैंकको दरिलो नियमनमा नरहेका वित्तीय संस्थाहरुको विकास र निरिक्षण तथा सुपरिवेक्षण कार्य गर्दै आएको छ । NABARD अन्तर्गत विभिन्न कोषहरु भारत सरकारले स्थापना गरि स्थानीय तहमा लघु पुर्वाधारहरु र वित्तीय पहुँच विस्तारमा सहयोग पुऱ्याउँदै आएको छ । यसै सन्दर्भमा नेपालले पनि यस प्रकारको नियमनकारी निकाय अन्तर्गत लघुवित्त विकास कोष स्थापना गर्नुपर्ने देखिन्छ । यस्तो कोषमा नेपाल सरकारले बजेट विनियोजन गर्नुपर्ने हुन्छ ।

### च) दातृ निकायको वित्तीय सहयोग परिचालन

दोस्रो तहको निकाय मार्फत भारत सरकारले झैं नेपालले पनि दातृ निकायको सहयोग परिचालन गर्नु पर्ने देखिन्छ । भारतमा संघीय सरकारले नावार्ड अन्तर्गत विविध कोषहरु स्थापना गरी सह (blended) वित्तको अभ्यास गरेझैं नेपालले पनि सो अभ्यास अवलम्बन गर्नुपर्छ ।

भारतले विश्व वैंक, एशियाली विकास वैंक, स्वीस कोष लगायतको वित्तीय स्रोत नावार्ड मार्फत तरलता बढाउन र निजी क्षेत्रको विकासको लागि परिचालन गर्ने व्यवस्था गरेको छ । नेपालले वैदेशिक सहायता वजेट मार्फत मात्र परिचालन गर्ने नीति लिएकोले पूँजीगत खर्च नहुँदा वैदेशिक सहायता अपेक्षित परिचालन

हुन नसकेको र निजी क्षेत्रको लगानीका लागी वित्तीय स्रोत तथा तरलता अभाव हुदै गएको छ ।

पछिलो समयमा दातृ निकायको सहयोग NGO/INGOS (राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु) मार्फत् परिचालन कम हुदै गएकोले बजारमा तरलता अभाव देखिएको र उत्पादनशील क्षेत्रमा लगानी घटदै गएको देखिन्छ ।

**छ) स्थानीय तहले खर्च गर्न नसकेको वित्तीय स्रोत द्रोस्रो तहको निकाय मार्फत परिचालन गर्ने व्यवस्था**

यो उपाय मार्फत लघुवित्तको ब्याजदर घटाउन मद्दत मिल्ने देखिन्छ ।

**ज) सम्पत्ति व्यवस्थापन कम्पनी**

बैंकिग क्षेत्रको खराब कर्जा अनुपात तोकिएको सीमा भन्दामाथि जाँदा असुली हुन नसकेको कर्जा यस्तो कम्पनीको जिम्मा लगाउने व्यवस्था नेपालले लागुगर्न ढिला गर्न हुँदैन । बैंकहरुको सहभागितामा यस्तो कम्पनी स्थापना गर्ने पहलकदमी राष्ट्र बैंक तथा सरकारले लिनुपर्ने देखिन्छ ।

**झ) वित्तीय बजार पूर्वाधार**

कर्जा सूचना केन्द्र, धितो सुरक्षा दर्ता, ऋण असुली संस्था, क्रेडिट रेटिंग निकाय जस्ता वित्तीय पूर्वाधारको थप विकास गर्नुपर्ने देखिन्छ । त्यसै गरि राष्ट्रिय बैंकिङ्ग तालिम केन्द्रको सवलिकरण गर्न पनि आवश्यक छ ।

**ञ) मौद्रिक नीतिको आधुनिकीकरण**

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको तर्जुमा तथा कार्यान्वयनको लागि संस्थागत सुधार र पारदर्शितामा जोड दिनु पर्ने देखिन्छ । यही क्रममा नेपाल राष्ट्र बैंकले प्राप्त गरेको स्वायत्ततालाई उत्तरदायित्वसँग जोड्नु पर्ने देखिन्छ । मौद्रिक नीतिको संस्थागत सुधारको पहिलो कदमको रुपमा मौद्रिक नीति व्यवस्थापन समितिको व्यवस्थता गर्न ढिलाई गर्नुहुँदैन । नेपाल राष्ट्र बैंक ऐन २०५८ हाल संसोधनको प्रक्रियामा छ । सो संसोधनमा उक्त समितिको व्यवस्था गरी स्वायत्ततालाई उत्तरदायित्वसित कसिलो किसिमले बाँध्न जरुरी छ । यस प्रकारको डेडिकेटेड समितिले मौद्रिक नीतिका उद्देश्यहरु खासगरि वित्तीय क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रसँग जोड्न सघाउने देखिन्छ । भारत पाकिस्तान तथा श्रीलंकाले मौद्रिक नीतिको आधुनिकीकरणका लागि संस्थागत व्यवस्था गरिसकेका छन् । मौद्रिक नीतिको तर्जुमा तथा कार्यन्वयन प्रक्रियाको आधुनिकीकरणमा नेपाल सँधैं पछि परिरहनु पर्ने कुनै कारण छैन ।